नेपाल सरकार

# जलश्रोत मन्त्रालय

# प्रेस विज्ञप्ति

मिति २०६४ पौष २२

**माथिल्लो कर्णाली, अरूण तेस्रो र बूढी गण्डकी जलविद्युत आयोजनाहरू विकास गर्ने सम्बन्धमा ।**

देशको सर्वाङ्गीण विकासको लागि जलविद्युतलाई आन्तरिक खपतको साथै निर्यातको लागि विकास गरिनु अपरिहार्य छ । जलविद्युत विकास नीति, २०५८ ले जलविद्युतलाई निर्यातयोग्य वस्तुको रूपमा विकास गर्ने उद्देश्य लिएको छ । यसैगरी विद्युत ऐन, २०४९ को प्रावधान अनुसार सरकारलाई कुनै व्यक्ति वा संगठित संस्थासित करार गरी सोही करारमा उल्लेखित शर्तहरूको आधारमा विद्युत उत्पादन, प्रसारण र वितरण गराउन सक्ने कानूनी व्यवस्था छ ।

उपर्यूक्त नीति तथा कानूनी प्रावधान अनूसार विकास गर्न लागिएका माथिल्लो कर्णाली (३०० मेगावाट), अरूण ३ (४०० मेगावाट) र बूढी गण्डकी (६०० मेगावाट) जलविद्युत आयोजनाबाट उत्पादन हुने सम्पूर्ण विद्युत स्वदेशमा मात्र खपत गर्न नसकिने भएकाले यी आयोजनाहरूबाट उत्पादित विद्युतको बजार प्रवर्धकहरू स्वयंले नै खोज्ने गरी विकास गराउने निर्णय गरिएको छ । निर्यातयोग्य आयोजनाबाट उत्पादित विद्युतमध्ये आन्तरिक प्रयोजनको लागि १० प्रतिशत खरिद गर्न सक्ने नीतिगत व्यवस्था रहेकोछ। माथि उल्लेखित आयोजनाका प्रवर्धकहरूले निःशुल्क विद्युत उपलब्ध गराउने प्रस्ताव गरेकाले आन्तरिक आवश्यकताको लागि ती आयोजनाबाट विद्युत प्राप्त गर्न सकिनेछ ।

निजी क्षेत्रलाई प्रतिस्पर्धाको आधारमा अनुमतिपत्र प्रदान गर्ने अभिप्रायले प्रस्ताव आव्हानको लागि मूल्यांङ्कनका आधारहरू बनाउन जलस्रोत मन्त्रालयले मिति २०६३/७/१२ मा पूर्वसचिव श्री भानुप्रसाद आचार्यको अध्यक्षतामा एक कार्यदल गठन गरेको थियो । उक्त मूल्यांकनको आधारमा प्रस्ताव आव्हान गरिएको थियो । यसै आधारमा माथिल्लो कर्णालीको लागि १४ वटा प्रस्तावहरू, अरूण ३ को लागि ९ वटा प्रस्तावहरू र बुढी गण्डकीको लागि २ वटा प्रस्तावहरू पर्न आएका थिए । कार्यदलले ती प्रस्तावहरूको मूल्याङ्कन गरी मिति २०६४।१।१४ मा जलस्रोत मन्त्रालयसमक्ष प्रतिवेदन पेस गरेको थियो ।

पूर्वस्वीकृत मूल्यांकनका आधार (Evaluation Criteria) अनुसार प्राप्त प्रस्तावहरू मूल्यांकन गरी प्रतिवेदन पेश गर्न गठित कार्यदलबाट पेश भएको प्रतिवेदन अनुसार बूढी गण्डकी आयोजनाकोलागि प्राप्त कुनै पनि प्रस्तावले स्वीकारयोग्य न्यूनतम अंक प्राप्त गर्न नसकेको तथा माथिल्लो कर्णाली र अरूण तेस्रो आयोजनाकोलागि निम्नानुसारको योग्यताक्रम रहेको छ :-

### (क) माथिल्लो कर्णाली जलविद्युत आयोजना

| योग्यताक्रम | प्रस्तावकहरूको नाम | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|
| 1 | GMR Energy Limited, India | 96.00% |
| 2 | KSK Electricity Financing Private Limited, India | 93.22% |
| 3 | Reliance Energy Limited, Mumbai, India | 88.33% |
| 4 | Satluj Jal Vidyut Nigam (SJVN), New Delhi, India | 82.73% |

| | | |
|---|---|---|
| 5 | Jindal Steel & Power Ltd., New Delhi, India | 82.46% |
| 6 | Athena Projects Private Limited, India | 79.77% |
| 7 | Larsen & Toubro Limited, Chennai, India | 64.86% |
| 8 | Jaiprakash Associates Limited (JAL), New Delhi, India | 64.00% |
| 9 | National Hydroelectric Power Corporation Ltd, India | 61.27% |
| 10 | Bhilwara Energy Limited (LNJ Bhilwara Group), India | 59.00% |
| 11 | MAYTAS Infra Pvt. Ltd., Hyderabad, India | 51.22% |
| 12 | SINOHYDRO Corporation Limited, China | 45.14% |
| 13 | BRAKEL Corporation N.V., The Netherlands | 29.15% |
| 14 | China Overseas Engineering Group Co. Ltd., China | 13.00% |

यस आयोजनामा प्रस्ताव पेश गर्ने १४ वटा प्रवर्धकहरूमध्ये योग्यताक्रम अनुसार क्रमसंख्या १ देखि ९ सम्मका प्रवर्धकहरूले मूल्यांकनका आधारमा तोकिएको ६० प्रतिशतभन्दा बढी अंक प्राप्त गरी स्वीकारयोग्य न्यूनतम अंक प्राप्त गरेका र क्रमसंख्या १० देखि १४ सम्मका प्रवर्धकहरूले ६० प्रतिशतभन्दा कम अंक प्राप्त गरी स्वीकारयोग्य न्यूनतम अंक प्राप्त नगरेका अवस्था छ ।

**(ख) अरूण(३ जलविद्युत आयोजना**

| योग्यताक्रम | प्रस्तावकहरूको नाम | प्राप्ताङ्क प्रतिशत |
|---|---|---|
| 1 | GMR Energy Limited, Hyderabad, India | 92.65% |
| 2 | Satluj Jal Vidyut Nigam (SJVN), New Delhi, India | 83.40% |
| 3 | Jindal Steel & Power Ltd., New Delhi, India. | 82.80% |
| 4 | Reliance Energy Limited, Mumbai, India | 71.00% |
| 5 | Jaiprakash Associates Limited, New Delhi, India | 71.00% |
| 6 | Larsen & Toubro Limited, Chennai, India | 52.33% |
| 7 | SINOHYDRO Corporation Limited, China | 48.03% |
| 8 | MAYTAS Infra Pvt. Ltd., Hyderabad, India | 47.69% |
| 9 | China Overseas Engineering Group Co. Ltd., China | 10.15% |

यस आयोजनामा प्रस्ताव पेश गर्ने ९ वटा प्रवर्धकहरूमध्ये योग्यताक्रम अनुसार क्रमसंख्या १ देखि ५ सम्मका प्रवर्धकहरूले ६० प्रतिशतभन्दा बढी अंक प्राप्त गरी स्वीकारयोग्य न्यूनतम अंक प्राप्त गरेका र क्रमसंख्या ६ देखि ९ सम्मका प्रवर्धकहरूले साठी प्रतिशतभन्दा कम अंक प्राप्त गरी स्वीकारयोग्य न्यूनतम अंक प्राप्त नगरेका अवस्था छ ।

कार्यदलको प्रतिवेदनमा व्यवस्थापिका संसद, प्राकतिक स्रोत र साधन समितिले जलस्रोत राज्यमन्त्रीज्यू लगायत जलस्रोत मन्त्रालयका उच्च पदाधिकारीहरू, स्वतन्त्र विद्युत विशेषज्ञहरू, राजनैतिक दलका नेताहरू, विभिन्न योजनाविद् तथा उच्चपदस्थ कर्मचारीहरूसँग पटक-पटक छलफल र अन्तरक्रिया गरी उक्त समितिको मिति २०६४।४।१ को निर्णयानुसार "पूर्वसचिव श्री भानुप्रसाद आचार्यको संयोजकत्वमा गठित कार्यदलको मूल्यांकन प्रतिवेदनको सम्बन्धमा" भनी यस मन्त्रालयलाई देहायको निर्देशन पठाएको थियो:-

१. माथिल्लो कर्णाली र अरूण ३ परियोजनाको हकमा लगानीकर्तालाई निर्माण गर्न दिइंदा एउटा कम्पनी वा लगानीकर्तालाई एउटैमात्र आयोजना निर्माण गर्न दिन उपयुक्त देखिएको हुँदा सोही बमोजिम गर्ने ।

२. लगानीकर्ताको छनौट गर्दा निःशुल्क ऊर्जा (फ्री-इनर्जी) लाई प्राथमिकता दिंदै निःशुल्क पूँजीगत हिस्सा (फ्री-इक्यूटी) लगायत मुलुकलाई बढीभन्दा बढी फाइदा हुने अन्य आर्थिक लाभका विषयलाई समेत आधार मानी छनौट गर्ने ।

३. सरकारले लगानीकर्तासँग सम्झौता गर्दा आयोजनाको निर्माण कार्यलाई सुनिश्चितता प्रदान गर्नकोलागि लगानीकर्ताहरूलाई उपयुक्त धितो जमानत (पर्फमेन्स बण्ड) राख्न लगाउने र निर्धारित समय तालिकाभित्र कार्य सम्पन्न नगरे धितो जमानत जफत गर्ने ।

४. माथिल्लो कर्णाली, अरूण-३, पश्चिम सेती लगायतका आयोजनाहरू कार्यान्वयन गर्ने सम्बन्धमा माथि उल्लिखित निर्देशनहरूलाई समायोजन गर्दै राजनीतिक दलहरूबीच राजनैतिक सहमति गरी सम्झौता गर्ने ।

यिनै आयोजनाका छनौट सम्बन्धमा व्यवस्थापिका संसद, अर्थ समितिबाट पनि उक्त समितिको मिति २०६४।४।१४ को निर्णय अनुसार व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समितिले निर्देशन दिइसकेको हुनाले यसमा केही गर्न नपर्ने भन्ने व्यहोराको जानकारी प्राप्त हुन आएको थियो ।

जलस्रोत मन्त्रालयले कार्यदलको प्रतिवेदनलाई अध्ययन शुरू गर्नु अगावै उक्त प्रतिवेदनलाई छलफलमा ल्याउन मन्त्रालयबाट झिकाई व्यवस्थापिका संसद, प्राकृतिक स्रोत र साधन समितिले जलस्रोत राज्यमन्त्रीज्यू लगायत जलस्रोत मन्त्रालयका उच्चपदाधिकारीहरू, स्वतन्त्र विद्युत विशेषज्ञहरू, राजनैतिक दलका नेताहरू, पूर्व योजनाविद् तथा उच्चपदस्थ कर्मचारीहरूबीच पटक पटक छलफल र अन्तरक्रिया गरेको थियो । यीनै छलफल र अन्तरक्रियाको आधारमा प्राकृतिक स्रोत र साधन समितिको मिति २०६४।४।१ र अर्थ समितिको २०६४।४।१४ को निर्देशन प्राप्त भएको थियो । सोही निर्देशनलाई आधार मानी नेपाल सरकार मन्त्री परिषद्बाट मिति २०६४ पौष १५ गते देहायको निर्णय भएको छः

१. एउटा कम्पनी वा लगानीकर्तालाई एउटैमात्र आयोजनाको अनुमतिपत्र दिने ।
२. दुवै परियोजनाको हकमा योग्यताक्रममा पहिलो स्थानमा रहेको कम्पनीसंग वार्ता गरी कम्तीमा अन्य कम्पनीले प्रस्ताव गरेको अधिकतम प्रतिशतसम्म निःशुल्क ऊर्जा बढाउन सहमति गराई अनुमति पत्र प्रदान गर्ने । योग्यताक्रममा पहिलो स्थानमा रहेको कम्पनीले अधिकतम प्रतिशतमा निःशुल्क ऊर्जा बढाउन असहमति भएमा त्यसपछिको योग्यताक्रममा रहेका कम्पनीहरूसंग अधिकतम निःशुल्क ऊर्जा बढाउन सहमत नभएसम्म क्रमशः वार्ता गरी अधिकतम निःशुल्क ऊर्जा बढाउन सहमत हुनेलाई अनुमतिपत्र दिने ।
३. आयोजना निर्माण कार्यको सुनिश्चितताका लागि प्रति मेगावाट १ लाखका दरले हुन आउने रकम विद्युत उत्पादनको सर्वेक्षण अनुमतिपत्र प्रदान गर्नु अगावै लिएर मात्र अनुमतिपत्र प्रदान गर्ने ।
४. व्यवस्थापिका संसदको प्राकृतिक श्रोत र साधन समिति तथा अर्थ समितिले एउटा कम्पनी वा लगानीकर्तालाई एउटा मात्रै आयोजना निर्माण गर्न दिने निर्देशन दिएको र कार्यदलको प्रतिवेदनमा माथिल्लो कर्णाली र अरूण-३ दुवै आयोजनामा एउटै प्रस्तावक योग्यताक्रममा प्रथम स्थानमा परेकोले सो प्रस्तावकलाई एउटा आयोजनाको मात्र अनुमति दिन सकिने भएको छ । यस अनुसार माथिल्लो कर्णालीमा ८६% र अरूण-३ मा ८२.६५% अंक प्राप्त गरी दुवै आयोजनाको लागि प्रथम स्थानमा परेको GMR Energy Ltd. लाई उसले प्राप्त गरेको अंक (८६%) को आधारमा माथिल्लो कर्णाली आयोजनाको लागि अनुमती दिन छनौट गर्ने । व्यवस्थापिका संसद, प्राकृतिक श्रोत र साधन तथा अर्थ समितिको निर्देशन पालना गर्नुपर्ने अवस्था रहेकाले सवैभन्दा बढी निःशुल्क

उर्जा १२% प्रस्ताव गर्ने सरह नै निःशुल्क उर्जा प्रदान गर्न सहमत भएमा मात्र सो प्रवर्द्धकसंग समझदारीपत्र (MOU) गर्ने ।

५. अरूण-३ को मूल्याङ्कनको योग्यताक्रममा प्रथम स्थानमा रहेको प्रस्तावक कम्पनीले माथिल्लो कर्णालीको अनुमतीपत्र प्राप्त गरेको अवस्थामा योग्यताक्रममा दोश्रो स्थानमा रहेको Satlej Jal Viddyut Nigam (SJVN) संग वार्ता गरी संसदीय समितिको निर्देशन अनुरूप अरूण-३ को लागि सबैभन्दा बढी निःशुल्क उर्जा २१.९% प्रदान गर्न प्रस्ताव गरेको कम्पनी Jindal Steel & Power Ltd. को निःशुल्क उर्जा प्रस्ताव बराबर हुने गरी योग्यताक्रममा दोश्रो स्थानमा रहेको Satlej Jal Viddyut Nigam (SJVN) संग वार्ता गरी सो मा सहमत भएमा सोही प्रस्तावकलाई अनुमती प्रदान गर्ने । यदि योग्यताक्रमको दोश्रो स्थानमा रहेको Satlej Jal Viddyut Nigam (SJVN) न्यूनतम् २१.९% निःशुल्क उर्जा प्रदान गर्न सहमत नभएमा कार्यदलको प्रतिवेदनमा न्यूनतम् उर्त्तीर्णाङ्क प्राप्त गरेका योग्यताक्रमको पांचौं स्थानसम्म रहेका बांकी सवै प्रस्तावकहरूमध्ये दोश्रो स्थानपछि योग्यताक्रमको तेश्रो स्थानमा रहेको Jindal Steel & Power Ltd. चौथो स्थानमा रहेको Reliance Energy Ltd. र पांचौ स्थानमा रेहेको Jaiprakash Associates Ltd. संग क्रमशः वार्ता गरी न्यूनतम् २१.९% निःशुल्क उर्जा प्रदान गर्न सहमत हुने अघिल्लो प्रस्तावकसंग समझदारीपत्र (MOU) गर्ने ।

७. यी दुवै आयोजनाहरूको कार्यान्वयनका लागि विद्युत ऐन, २०४९ को दफा ३५ बमोजिम प्रक्रिया अगाडि बढाउने जिम्मेवारी जलश्रोत मन्त्रालयलाई प्रदान गर्ने ।

८. व्यवस्थापिका संसद, प्राकृतिक श्रोत र साधन समितिको "उपयुक्त धितो जमानत राख्न लगाउने निर्धारित समय तालिकाभित्र कार्य सम्पन्न नगरे धितो जमानत जफत गर्ने" निर्देशन अनुरूप छनौट हुने प्रवर्द्धकबाट पछि फिर्ता नहुने गरी रू. १ लाख प्रतिमेघावाटको दरले हुन आउने रकम विद्युत उत्पादनको सर्वेक्षण अनुमतीपत्र प्रदान गर्ने समयमा नै लिने ।

९. बुढी गण्डकी आयोजनामा कुनै पनि प्रवर्द्धक योग्य नभएकोले निःशुल्क उर्जा वा मुलुकलाई हुने आर्थिक लाभलाई आधार मानी पुनः खुला प्रतिस्पर्धाको माध्यमद्वारा जलश्रोत मन्त्रालयले टुंगो लगाउने ।

यसरी छनौट भएका प्रवर्द्धकहरूसंग संसदीय समितिले दिएको निर्देशनको अधिनमा रही वार्ता गरी मन्त्रालयमा सिफारिश पेश गर्न निम्नानुसार वार्ता समिति गठन गर्नेः-

<u>वार्ता समिति</u>

| | |
|---|---|
| १. श्री अनुपकुमार उपाध्याय, सहसचिव, जलश्रोत मन्त्रालय- | संयोजक |
| २. श्री राजेन्द्रकिशोर क्षेत्री, सहसचिव, जल तथा शक्ति आयोग- | सदस्य |
| ३. श्री सुनिलबहादुर मल्ल, उपमहानिर्देशक, विद्युत विकास विभाग- | सदस्य |
| ४. श्री उत्तरकुमार श्रेष्ठ (सि.ए.), उपकार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरण- | सदस्य |

यस कार्यदलले प्रवर्द्धकसंग सहमति गरिसकेपछि आयोजना विकासको अनुमति प्रदान गर्नेतर्फ कार्यवाही अगाडि बढाइने छ ।